# लुम्बिनी प्रदेश, प्रदेश समन्वय परिषद्को छैठौं बैठकका निर्णयहरु

२०७९ भाद्र २७ गते

१. स्थानीय तह निर्वाचन, २०७९ बाट निर्वाचित प्रदेशस्थित सबै स्थानीयतहका निर्वाचित पदाधिकारीहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना प्रदान गर्ने।

२. प्रदेश समन्वय परिषद्का विगत बैठकका निर्णयहरुको कार्यान्वयनमा प्रभावकारिताका लागि तहगत समन्वय प्रभावकारी बनाउने। कार्यान्वयन गर्न बाँकी निर्णयहरु कार्यान्वयनको जिम्मेवार तहले यथाशीघ्र कार्यान्वयन गर्न प्रक्रिया अगाडि बढाउने।

३. प्रदेश समन्वय परिषद्को मिति २०७७/१०/१८ को चौथो बैठकको निर्णय नं ११ लाई केहि परिमार्जन गरिएको छ। अब प्रदेश सरकारको सेवा समूह सञ्चालन गर्ने मन्त्रालयले सहायकस्तरका कर्मचारीको रिक्त पद सुनिश्चित गरि पदपूर्तिका लागि माग आकृति फारम भरि प्रदेश लोकसेवा आयोगमा पठाउने। स्थानीयतहका लागि नेपाल सरकारबाट स्वीकृत गरेका दरवन्दी भित्र रिक्त रहेका दरवन्दी विवरण पठाउन बाँकी रहेका स्थानीय तहहरुले यथाशीघ्र स्वीकृत दरवन्दीको सीमाभित्र रही रिक्त रहेको पद सुनिश्चित गरि माग आकृति फारम भरी प्रदेश लोकसेवा आयोगमा पठाउने र सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

४. स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ मा उपमहानगरपालिका प्रमुखको हकमा सहायकस्तर पाँचौं र नगरपालिका प्रमुख एवम गाउँपालिका अध्यक्षका हकमा सहायकस्तर चौथो तहको जनशक्ति स्वकीय सचिवको रुपमा रहने गरी थप संशोधन गर्न सिफारिश गर्ने।

५. संघीय सशर्ततर्फका प्रदेश तथा स्थानीय तहमा सञ्चालन हुने र प्रदेशका स्थानीय तहमा सञ्चालन हुने आयोजना/कार्यक्रमहरु प्राथमिकतामा राखी कार्यान्वयन गर्ने, गराउने। आयोजना/कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहले सोको नतिजामूलक अनुगमन तथा कार्यप्रगति अवस्थाको नियमित प्रतिवेदन गर्ने, गराउने।

६. साझा अधिकारका विषयसम्बद्ध कर परिचालनको अधिकार क्षेत्रभित्र रही कर संकलनको अधिकारप्राप्त तहले कानूनबमोजिम संकलन गरेको कर तथा राजस्व बाँडफाँड नियमित गर्ने,

गराउने। कर परिचालनमा समस्या देखिएमा समाधानका लागि अविलम्व अर्को तहसँग समन्वय गर्ने।

७. नेपाल सरकारबाट हुने वित्तीय हस्तान्तरणमा सशर्ततर्फको अनुदान घटाउँदै समानीकरण अनुदान बृद्धि गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने।

८. वार्षिक कर परिचालन र आन्तरिक आम्दानी बृद्धि विना वितरणमुखी र सामाजिक संरक्षणतर्फका कार्यक्रम/योजना प्रतिस्पर्धात्मक हिसाबले परिचालित हुँदा दीर्घकालिन रुपमा आर्थिक वोझ थपिनेतर्फ ध्यान दिदैं स्रोत विनाको सेवासुविधा वृद्धि गर्ने प्रवृत्ति निरुत्साहित गर्ने। संभावनाको खोजी गरी आन्तरिक स्रोत वृद्धि गर्ने दिशामा सबै स्थानीयतहहरु परिचालित हुने।

९. प्रदेशमा रहेको प्राकृतिक स्रोतसाधनको उपयोग, प्रवर्द्धन, विकास र संरक्षणमा तहगत समन्वय गर्ने। स्रोतसाधनको उपयोगमा स्थानीय तहहरु बीच कुनै समस्या रहेमा प्रदेश सरकारले सोको समन्वय  र सहजीकरण गर्ने।

१०.प्रदेशका प्राकृतिक स्रोतसाधन र सम्पदाहरुको दिगो र आयमूलक उपयोगमा स्थानीयतहले एकल वा सहकार्यमा सिर्जनशील आयोजना/कार्यक्रमहरु निर्माण गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउने। टाकुरा, नदी कोरिडोर, वनजंगल र साँस्कृतिक सभ्यताको संयोजनमार्फत मनोरञ्जन, अध्ययन र भ्रमणयुक्त आधार/पूर्वाधार सिर्जना गरी पर्यटकीय आकर्षणको दिगो र भरपर्दो स्रोतका रुपमा विकास गर्ने।

११.तहगत अन्तरसम्वन्ध, सहकार्य र समन्वयबाट नै राष्ट्रिय विकास सम्भव रहेको यथार्थलाई दृष्टिगत गरी योजनावद्ध विकास प्रणाली अवलम्वन गर्दा राष्ट्रिय सोच, उद्देश्य र लक्ष्य हासिल हुने गरी अन्तरतहका प्रदेश सरकार र स्थानीय तहहरुले दीर्घकालीन र वार्षिक योजनाहरु निर्माण एवम् कार्यान्वयन गर्ने, गराउने।

१२.प्रदेश सरकारको स्रोतबाट स्थानीय तहहरुमा सञ्चालित योजना/आयोजना र स्थानीय तहको स्रोतबाट निर्माण हुने योजना/आयोजना तथा विकास पूर्वाधारको दोहोरो मापदण्डले जनमानसमा द्विविधा सिर्जना गर्नेतर्फ ध्यान दिई प्रदेशबाट स्थानीय तहमा विकास योजना/आयोजना निर्माण गर्दा पर्याप्त समन्वय गर्ने, गराउने। योजना कार्यान्वयन अवस्थाको अनुगमन तथा मूल्याँकन गर्दा स्थानीय तहको समेत सहभागीता सुनिश्चित गर्ने।

मुख्यमन्त्री

१३.स्थानीय तहको स्रोतसाधनबाट असंभव देखिएका तर राष्ट्रिय तथा प्रादेशिक रणनीतिक महत्व राख्ने योजना/आयोजनाहरु पहिचान गरी लागत अनुमानसहित सबै स्थानीय तहहरुले प्रदेश सरकारसमक्ष पठाउने।

१४.सूचना र तथ्याङ्कको अभावमा यथार्थ र वस्तुपरक नीति, योजना, कार्यक्रम निर्माण र कार्यान्वयनमा समस्या हुने भएकोले सबै स्थानीयतहहरुबाट भएको प्रगतिको आधारमा विषयगत र समग्रमा स्थानीय तहको यथार्थ अवस्था देखिने वस्तुपरक, विश्वसनीय र अद्यावधिक तथ्याङ्क व्यवस्थापनमा ध्यान दिने।

१५.भाषा, लिपी, संस्कृति प्रदेश गौरवका गहना र सम्पदा हुन, यिनीहरुको संरक्षण, संवर्द्धन र विकासबाट नै पृथक प्रादेशिक ऐतिहासिक पहिचान स्थापित गर्न सकिनेतर्फ सबै स्थानीय तहले ध्यान दिई योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने।

१६.प्रदेश तथा स्थानीय तहले तहगत अन्तरसम्वन्ध बलियो बनाइ विपद प्रतिकार्य र पुनस्थापनाका लागि आवश्यक स्रोधसाधनको व्यवस्था गर्ने र प्रारम्भिक उद्धार कार्यको प्रभावकारी व्यवस्थापनका लागि स्थानीय तहले नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

१७.पहाडी र हिमाली क्षेत्रमा पहिरोको प्रकोप नियन्त्रण गर्न सबै स्थानीय तहहरुले बायोइन्जिनियरिङ्ग प्रविधिको प्रयोग गर्ने, गराउने।

१८.स्थानीय तहहरुले प्राथमिकतामा राखी सरकारी, सार्वजनिक सम्पतिको अभिलेख व्यवस्थापन गर्ने गराउने। सार्वजनिक सम्पतिको दुरुपयोग, अतिक्रमण रोक्न सक्रियता बढाउने।

१९.प्रदेशमा आत्महत्याका घटनाहरु न्यूनीकरण गर्न शिक्षा, जनचेतनामुलक कार्यक्रम, सामाजिक मनोपरामर्श, आयआर्जनका कार्यक्रममार्फत बिषयको सम्बोधन हुने गरी प्रदेश तथा स्थानीयतहले समन्वयात्मक ढंङ्गले जनसचेतनामूलक अभियान सञ्चालन गर्ने।

मुख्यमन्त्री